# गैरआवासीय नेपाली संघ
# निर्वाचन सम्बन्धी आचार संहिता, २०२१

<u>अन्तर्राष्ट्रिय समन्वय परिषदबाट पारित भएको मितिः</u>

सन् २०२१ जुलाई १७

**संशोधनः**

१. गैरआवासीय नेपाली संघ निर्वाचन सम्बन्धी (पहिलो संशोधन) आचार संहिता, २०२३

***- सन् २०२३ जुलाई ९ को अन्तर्राष्ट्रिय समन्वय परिषद्को बैठक***

गैरआवासीय नेपाली संघको निर्वाचनलाई स्वतन्त्र, स्वच्छ, निष्पक्ष, पारदर्शी, विधिसम्मत र विश्वसनीय बनाई निर्वाचनको प्रकृया सम्पन्न गर्नका लागि सरोकारवालाले पलाना गर्नुपर्ने आचरणलाई व्यवस्थित गर्न निर्वाचन समिति, २०२३ को नियम ४(१) को अधिकार प्रयोग गरी निर्वाचन समितिले गैरआवासीय नेपाली संघको अन्तराष्ट्रिय समन्वय परिषद्सँग परामर्श गरी यो आचार संहिता जारी गरि लागू गरिएको छ ।

## परिच्छेद - १
## <u>प्रारम्भिक</u>

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यी आचार संहिताको नाम "गैरआवासीय नेपाली संघ निर्वाचन सम्बन्धी आचार संहिता, २०२३" रहेको छ ।

(२) यो आचार संहिता तुरुन्त प्रारम्भ भई लागू हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आचार संहितामाः

(क) “**विधान**” भन्नाले गैरआवासीय नेपाली संघको विधान, २००३ *........................ सम्झानु पर्छ ।

(ख) “**नियमावली**” संघको निर्वाचन सम्बन्धी नियमावली, २०२३ सम्झनु पर्छ ।

(ग) "**संघ**" भन्नाले गैरआवासीय नेपाली संघ जनाउनेछ ।

(घ) “**अन्तर्राष्ट्रिय महाधिवेशन**” भन्नाले संघको विधान बमोजिम हुने महाधिवेशन सम्झनु पर्छ।

(ङ) “**अन्तर्राष्ट्रिय समन्वय परिषद्**” भन्नाले विधानको दफा १७ बमोजिम गठित अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई जनाउनेछ ।

(च) “**निर्वाचन समिति**” भन्नाले विधानको उपदफा २१.१ बमोजिम गठित निर्वाचन समिति सम्झनु पर्छ ।

(छ) “**निर्वाचन आयुक्त**” भन्नाले निर्वाचन समितिका निर्वाचन आयुक्तलाई जनाउनेछ ।

(ज) "**सदस्य**" भन्नाले निर्वाचन समितिका सदस्यलाई जनाउनेछ ।

* पहिलो संशोधनद्वारा झिकिएको ।

(झ) **"मतदान अधिकृत"** भन्नाले निर्वाचन सम्बन्धि प्रकृयामा मतदान केन्द्र र उपकेन्द्रका लागि निर्वाचन समितिले प्रदान गरेको अख्तियार बमोजिम नियुक्त मतदान अधिकृत सम्झनु पर्छ ।

(ञ) **"मतदाता"** भन्नाले विधानको उपदफा २१.२ तथा निर्वाचन सम्बन्धि नियमावली २०२१ बमोजिम योग्यता भएको गैरआवासीय नेपाली संघमा आबद्ध व्यक्ति सम्झनु पर्छ ।

(ट) **"उम्मेदवार"** भन्नाले निर्वाचनमा उम्मेदवारी दिई उम्मेदवारको अन्तिम नामावलीमा कायम रहेका पदाधिकारीका उम्मेदवारहरुलाई सम्झनु पर्छ ।

(ठ) **"कर्मचारी"** भन्नाले संघको सचिवालयका कर्मचारीको साथै निर्वाचन समितिमा कार्यरत रहने गरि गैरआवासीय नेपाली संघको निर्वाचन अवधिभरका लागि नियुक्ति गरेका अन्य कर्मचारीलाई समेत जनाउनेछ ।

(ड) **"पर्यवेक्षक"** भन्नाले निर्वाचनको समयमा पर्यवेक्षण गर्न अन्तर्राष्ट्रिय समन्वय परिषद् बाट अनुमतिप्राप्त व्यक्ति वा सङ्गठित संस्था सम्झनु पर्छ ।

(ढ) **"सम्बन्धित व्यक्ति"** भन्नाले उम्मेदवारको तर्फबाट निर्वाचन प्रचार प्रसारमा संलग्न व्यक्ति सम्झनु पर्छ र सो शब्दले उम्मेदवारको निर्वाचन प्रतिनिधिलाई समेत जनाउँछ ।

*(ण) **"पदाधिकारी"** भन्नाले विधानको दफा ५ को उपदफा ५.१४ मा उल्लेखित पदाधिकारीलाई सम्झनु पर्छ ।

## परिच्छेद - २

## उम्मेदवारहरुले पालना गर्नु पर्ने आचरण

३. गैरआवासीय नेपाली संघको निर्वाचनका उम्मेदवार तथा नीजहरुसँग सम्बन्धित व्यक्तिहरुले निर्वाचन अभियान संचालन गर्दा-गराउँदा देहायका आचरणहरु गर्नु-गराउनु पर्नेछः

(१) स्वतन्त्रता र समानताको प्रतिकूल हुने गरी निर्वाचन प्रचार-प्रसार गर्नु-गराउनु हुँदैन ।

(२) कुनै धर्म सम्प्रदाय, जात जाति, लिंग, भाषा, समुदाय वा प्रादेशिकताको आधारमा घृणा द्वेष उत्पन्न गर्ने गरी निर्वाचनको प्रचार प्रसार गर्नु-गराउनु हुँदैन ।

(३) उम्मेदवारको नीजि जीवन वा व्यावसायलाई आघात पर्ने गरि आलोचना गर्न पाईने छैन ।

(४) निर्वाचन प्रचार प्रसारको क्रममा प्रयोग गरिने भाषा सरल, शिष्ट र मर्यादित हुनुपर्छ ।

(५) उम्मेदवार वा तिनका समर्थकले अरु उम्मेदवारहरुले आयोजना गरेको कार्यक्रममा बाधा पुऱ्याउनु हुँदैन ।

(६) अन्य उम्मेदवारहरुलाई प्रतिकूल असर पर्ने गरी उही समय र समान स्थानमा कार्यक्रम गर्न/गराउन पाईने छैन ।

(७) मतदान शुरु हुनुभन्दा अगाडी निर्वाचन समितिले तोकेको समयदेखि मतदानको काम पुरा नभए सम्म मतदान केन्द्र तथा परिशर भित्र *वा वाहिर र कुनै पनि समाजिक सञ्जाल मार्फत कुनै प्रकारले प्रचार प्रसार गर्नु-गराउनु वा पक्ष वा विपक्षमा मत माग्ने वा माग्न लगाउने कार्य गर्न गराउन/हुँदैन ।

(८) कसैले कुनै किसिमको डर-त्रास/धाक-धम्की दिई वा बल प्रयोग गरी वा प्रलोभन दिई निर्वाचन आयुक्त, निर्वाचन समितिका सदस्यहरु, मतदान अधिकृत, निर्वाचन स्वयंसेवक, उम्मेदवार वा

* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा थप ।



Non-Resident Nepali Association NRNA Kathmandu, Nepal

निर्वाचनसँग सम्बद्ध व्यक्ति, कर्मचारी वा शान्ति-सुरक्षा कायम गर्ने जिम्मेवारीमा रहेका सुरक्षाकर्मीलाई आफ्नो कर्तब्य पालन गर्नबाट बञ्चित वा विचलित गर्नु-गराउनु हुँदैन ।

(९) कसैले पनि मतदातालाई डर-त्रास/धाक-धम्की वा प्रलोभन दिने वा धर्म भकाउने वा कसम खाने जस्ता काम गरी नीजको इच्छा विपरित मतदान गर्न वा नगर्न बाध्य गर्नु-गराउनु हुँदैन । ।

(१०) कसैलै कुनै किसिमको डर-त्रास/धाक-धम्की दिई वा बल प्रयोग गरी कुनै उम्मेदवारलाई निर्वाचनको प्रचार-प्रसार गर्न बाट रोक्ने, थुन्ने, छेक्ने वा निर्वाचनमा प्रत्यक्ष वा परोक्ष रुपबाट असर पर्न सक्ने गरी कुनै पनि किसिमको काम कारवाही गर्नु-गराउनु हुँदैन ।

(११) निर्वाचन विथोल्ने वा निर्वाचन प्रति वितृष्ण पैदा हुने वा निर्वाचनमा भ्रम सिर्जना हुने वा निर्वाचनमा अवरोध हुनेगरी कुनै कार्य गर्नु-गराउनु हुँदैन ।

(१२) मतदाताहरुलाई मतदान गर्न बाट बन्चित गराउने अभिप्रायद्वारा कुनै पनि किसिमले अवरोध वा थुनछेक गर्नु-गराउनु वा उम्मेदवारलाई असर पार्ने गरि प्रलोभनमा पार्ने काम गर्नु वा सट्टा मतदान गर्नु हुंदैन ।

(१३) कुनै पनि उम्मेदवार वा नीजका प्रतिनिधि वा समर्थक वा कूनै व्यक्तिले बल प्रयोग गरि वा डर-त्रास देखाई वा धम्की दिई वा प्रलोभनमा पारी मतदान केन्द्र आफ्नो कब्जामा लिनु वा मतपत्र, मतपेटिका वा विद्युतिय मतदान यन्त्र वा मतदान सामग्री जबर्जस्ती कब्जामा लिनु वा खोस्नु वा नास्नु हुँदैन ।

(१४) मतदाता वा उम्मेदवारलाई प्रभाव वा असर पार्ने गरि व्यक्तिगत वा सामूहिक रुपमा मतदान केन्द्र वा परिसर भित्र कुनै उम्मेदवारको नाम, फोटो उल्लेखित टिर्सट, लुगा, टोपी वा अन्य कुनै किसिमको पहिरन वा स्टीकर, व्याच, व्यानर, ब्रोसर वा निर्वाचनलाई असर पार्ने गरि कुनै संकेत जनाउने कपडा वा अन्य सामग्री प्रयोग वा प्रदर्शन गर्न पाईने छैन ।

(१५) मतदातालाई प्रभाव पार्ने उद्देश्यले कुनै प्रकारले नगद, जिन्सी वा कुनै पनि किसिमको दान, दातब्य वा उपहार लिनु वा दिनु हुँदैन ।

(१६) मतदातालाई प्रभाव पार्ने उद्देश्यले भोज भतेरको आयोजना गर्न वा मादक पदार्थ सेवन वा वितरण गर्न-गराउन हुँदैन ।

(१७) मादक पदार्थ वा लागु पदार्थको सेवन गरी निर्वाचन क्षेत्र भित्र प्रवेश गर्न गराउन हुँदैन ।

(१८) मतदातालाई प्रभाव पार्ने गरी उम्मेदवार तथा नीजहरुसँग सम्बन्धित व्यक्तिहरुले व्यावसायिक मर्यादा प्रतिकूल हुने कुनैपनि कार्य गर्न-गराउन हुँदैन । व्यक्तिगत तथा समूहगत रुपमा लाञ्छाना वा अपहेलना हुने कार्य गर्न गराउन पाइने छैन ।

(१९) कुनै उम्मेदवारको विषयमा बोल्दा नीजको प्रतिबद्धता-पत्र एवं नीति तथा कार्यक्रममा मात्र सीमित रहनु पर्नेछ । व्यक्तिगत आक्षेप, आरोप-प्रत्यारोप वा लाल्छना लगायन पाईने छैन साथै व्यक्तिगत जीवन, पेशा, व्यावसाय बारे आलोचना गर्न पाईने छैन ।

(२०) उम्मेदवारले आफ्ना प्रतिनिधि तथा समर्थकहरुलाई निर्वाचन सम्बन्धी आचार संहिताको पूर्ण रुपमा जानकारी गराई सोको पालना गर्न-गराउन लगाउनु पर्नेछ । आफ्ना प्रतिनिधि तथा समर्थकबाट आचार संहिता उल्लघंन भएमा सोको जिम्मेवारी उम्मेदवारको स्वयंको हुनेछ ।

(२१) निर्वाचनको क्रममा निर्वाचन समिति र निर्वाचन आयुक्तको आदेश तथा निर्देशनलाई पूर्ण रुपम पालना गर्न-गराउन पर्ने छ ।

Non-Resident Nepali Association NRNA Kathmandu, Nepal

(२२) मतदानको लागी तोकिएको क्षेत्रभित्र निर्वाचनको प्रचार-प्रसारसँग सम्बन्धित कुनै कुरा टांस्न वा टास्न लगायनु वा लेख्नु वा लेख्न लगाउनु वा कुनै प्रविधि वा उपकरणको माध्यमबाट प्रसारण गर्न गराउन समेत हुँदैन ।

(२३) मतदान प्रयोजनका लागी निर्वाचन समिति वा आयुक्तले तोकेको निर्वाचन क्षेत्र र समय भित्र कुनैपनि उम्मेदवारको पक्ष वा विपक्षमा कुनै पनि माध्यमले प्रचार प्रसार गर्ने, मत माग्ने वा मतदान गर्न तथा नगर्न प्रेरित गर्ने वा निर्वाचन समिति वा उम्मेदवारलाई असर पर्ने गरि कुनै पनि कार्य गर्न पाईने छैन ।

(२४) निर्वाचन समितिद्वारा प्रकाशित सूचना वा निर्वाचन सामग्रीलाई कसैले विर्गान, नास्न, केरमेट गर्न वा अन्य कुनै किसिमबाट थपघट गर्न गराउन वा विकृत तुल्याउन हुँदैन ।

(२५) कुनै पनि उम्मेदवारले राजनीतिक आस्थाका आधारमा प्यानल वा समूह बनाउन वा आफू पनि त्यस्ता प्यानल वा समूहमा सहभागी हुन पाउने छैन ।

(२६) उम्मेदवारको मनोनयन दर्ता भई उम्मेदवारको नामावली प्रकाशन भए देखि निर्वाचन परिणाम सर्वेक्षण गर्ने वा गर्न लगाउन पाईने छैन ।

(२७) नेपाल कानूनले तोकेको कुनै पनि फौजदारी वा नैतिक पतन हुने कसूर गर्न वा गराउनु हुँदैन वा त्यस्तो कार्य गर्न उक्साउन हुँदैन ।

(२८) संघको साधन स्रोत र सम्पत्ति आफ्नो पक्ष वा अर्काको विपक्षमा हुने गरी प्रयोग गर्न वा गराउन पाईने छैन ।

(२९) गैरआवासीय नेपालीमा भिन्नता कायम गर्ने गरी धर्म र बसोबास स्थानका आधारमा मतदानका लागि उक्साउने गतिविधि गर्न गराउनु हुँदैन ।

(३०) महिलाको भावनामा आँच आउने वा चरित्र हत्या हुने गरी निर्वाचन प्रचार प्रसार गर्न वा गराउन पाईने छैन ।

(३१) अपाङ्गता भएको व्यक्तिको भावनामा आँच आउने किसिमले निर्वाचन प्रचार प्रसार गर्न वा गराउन पाईने छैन ।

(३२) निर्वाचन प्रचार प्रसार वा निर्वाचन सम्बन्धित हुने कुनै पनि गतिविधिमा बालबालिकाको प्रयोग गर्न वा गराउन पाईने छैन ।

(३३) मतदातालाई शान्तिपूर्वक मताधिकारको प्रयोग गर्न दिनु पर्नेछ ।

(३४) मतदानमा खटिएका कर्मचारी र सुरक्षाकर्मीलाई सहयोग गर्नु पर्नेछ ।

(३५) मतदातालाई मतदान गर्न जान वा मतदान गर्नबाट वञ्चित गराउने अभिप्रायले कुनै काम गर्न वा गराउन हुँदैन।

## परिच्छेद - ३

## निर्वाचनका सबै पक्षले पालना गर्नुपर्ने आचारण

४. संघको निर्वाचनमा निर्वाचनमा सहभागी हुने सबै पक्षले देहायका आचारणहरु पालना गर्नु-गराउनु पर्नेछः

(१) निर्वाचन आयुक्त वा निर्वाचन समिति, निर्वाचनको कार्यमा संलग्न कर्मचारी वा सुरक्षाकर्मीले अफूलाई तटस्थ राखी कुनै पनि उम्मेदवारको पक्ष वा विपक्षमा अनुकूल/प्रतिकूल प्रभाव पार्ने कार्य गर्नु-गराउनु हुँदैन ।



Non-Resident Nepali Association NRNA Kathmandu, Nepal

(२) पर्यवेक्षकले निष्पक्ष, तटस्थ र विश्वसनीय भएर निर्वाचनको पर्यवेक्षण गर्नु पर्नेछ । साथै पर्यवेक्षकले निर्वाचनको कार्यलाई बाधा पुग्ने कुनै काम गर्नु हुँदैन र पर्यवेक्षणको क्रममा आफ्नो पहिचान खुलाउनु पर्नेछ ।

(३) आचार संहिताको पालना भए/नभएको सम्बन्धमा निर्वाचन समितिले आवश्यकता अनुसार अनुगमन गर्ने गराउँनेछ । अनुगमनमा उम्मेदवार वा नीजको प्रतिनिधिबाट आचार संहिताको प्रष्ट उल्लघंन भएको पाईएमा निर्वाचन समितिले तत्काल कारवाही तथा निर्णय गरी यस्तो व्यक्तिको उम्मेदवारी रद्द समेत गर्न सक्नेछ ।

(४) आचार संहिताको उल्लघंनको सम्बन्धमा उम्मेदवार वा कुनै व्यक्तिले मौखिक वा विद्युतिय संचार माध्यमबाट निर्वाचन समिति समक्ष जानकारी दिंन सक्नेछ ।

(५) आचार संहिता उल्लघंन सम्बन्धी लिखित वा मौखिक जानकारी वा निवेदन प्राप्त भई आचार संहिता पालना नभएको वा उल्लघंन गरेको देखिएमा त्यस्तो काम तुरुन्त रोक्न वा बदर गर्नको लागि निर्वाचन समितिले सम्बन्धित उम्मेदवार, प्रतिनिधि, समर्थक, व्यक्ति, संस्था, पदाधिकारी वा निकायलाई आदेश दिन सक्नेछ । यस्तो आदेश पालना नगरेमा निर्वाचन समितिले त्यस्तो व्यक्तिलाई निर्वाचन स्थल छोड्ने, छोडाउने लगायतका उपयुक्त आदेश दिन सक्नेछ ।

(६) आचार संहिता उल्लघंन भएको देखिए वा पाईएमा निर्वाचन समितिले आवश्यकता भएमा अन्तर्राष्ट्रिय समन्वय परिषद् वा सुरक्षा निकायको सहयोग लिई सोको रोकथामका लागि तत्काल आवश्यक कारवाही गर्नु पर्नेछ । रोकथाम हुन नसकेमा तत्काल उपयुक्त निर्णय लिन सक्नेछ ।

(७) आचार संहिता उल्लघन सम्बन्धमा गरिएका कारवाहीका विवरणहरु निर्वाचन समितिले सुरक्षित राख्नेछ र कारवाहीको कारण दिन निर्वाचन समिति बाध्य हुने छैन ।

(८) निर्वाचन कार्यमा रहेका मतदान अधिकृत, निर्वाचन स्वयंसेवक वा कर्मचारीले आचार संहित उल्लघंन गरेमा निर्वाचन समितिले तत्काल आवाश्यक कारबाही गर्न सक्नेछ ।

## परिच्छेद - ४

## <u>विविध</u>

५. **<u>आचार संहिता लागू हुने:</u>** यो आचार संहिता संघका अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारी र सदस्यहरु, संरक्षक परिषद्का प्रमुख संरक्षक र संरक्षकहरु, कर्मचारी, निर्वाचन समितिका निर्वाचन आयुक्त र सदस्यहरु, मतदाता, उम्मेदवार लगायत सम्बन्धित सबैमा लागू हुनेछ ।

६. **<u>मतदान केन्द्रमा प्रवेश:</u>** निर्वाचन समितिले जारी गरेको परिचयपत्र वा मतदाता परिचयपत्र वा संघले जारी गरेको परिचयपत्र भएका व्यक्तिले मात्र मतदात केन्द्रमा प्रवेश पाउनेछन् ।

<u>*तर अनलाईनबाट मतदान प्रक्रियामा सहभागि हुँदा निर्वाचन समितिले दिएको सांकेतिक कोर्ड र पासबोर्ड सम्बन्धित व्यक्तिलेनै प्रयोग गरी अनलाईन निर्वाचन प्रक्रियमा सहभागि हुनु पर्नेछ ।</u>

७. **<u>मतगणना स्थलमा प्रवेश:</u>** मतगणना स्थलमा निर्वाचन समितिले तोके बमोजिमका व्यक्ति बाहेक अन्यलाई प्रवेश दिइने छैन ।

८. **<u>आचार संहिताको पालन:</u>** यस आचार संहिताको पूर्ण रुपमा पालना गरी निर्वाचन सम्पन्न गर्न सहयोग पुऱ्याउनु प्रत्येक उम्मेदार, मतदाता र सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

९. **<u>निर्वाचन समितिको थप अधिकार:</u>** निर्वाचन स्वच्छ, निष्पक्ष वा विधिसम्मत रुपमा सम्पन्न गर्न आवश्यक पर्ने थप आचार संहिता निर्वाचन समितिको निर्णय अनुसार जारी गर्न सकिनेछ ।

---

* पहिलो संशोधनद्वारा थप ।

Non-Resident Nepali Association NRNA Kathmandu, Nepal

१०. **बन्धनकारी हुने:** निर्वाचनको काम, कारवाही र प्रकृयाको सम्बन्धमा निर्वाचन समितिले दिएको निर्णय अन्तिम र सबैका लागि बाध्यकारी हुनेछ ।

११. **विधान वा नियमावली बमोजिम नै हुने**: यस आचार संहिताको कुनै कुरा गैरआवासीय नेपाली संघको विधान वा निर्वाचन सम्बन्धी नियमावलीसँग बाझिएमा सो हदसम्म आचार संहिताको प्रावधान अमान्य भई विधान र नियम बमोजिम नै हुनेछ ।

तर निर्वाचन सम्बन्धी अनुशासन पालना गर्ने गराउने सम्बन्धमा यो आचार संहिता बमोजिम नै हुनेछ ।

१२. **बाधा अड्काउ फुकाउने**: यस आचार संहिताको कार्यान्वयनमा कुनै बाधा अड्काउ आईपरेमा अन्तर्राष्ट्रिय समन्वय परिषद्को सहयोग लिई निर्वाचन समितिले उपयुक्त आदेश जारी गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्ने छ ।

Non-Resident Nepali Association NRNA Kathmandu, Nepal